केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/०५/०७१/७२ मिति: २०७१/११/०४

**"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७१ को बुँदा नं. ६.३ को उपबुँदा नं. (८) को साविकको व्यवस्थालाई यथावत राखी उक्त उपबुँदामा देहाय बमोजिम थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

*"राष्ट्रियस्तरको "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थामा चुक्ता पुँजीको ५ प्रतिशत वा सोभन्दा बढी हुने गरी शेयर धारण गर्ने शेयरधनी सो संस्थाको सञ्चालक पद बाहेक कार्यकारी प्रमुख लगायत कुनै पनि तहको कर्मचारी पदमा नियुक्त हुन योग्य हुने छैन । यो निर्देशन जारी हुँदाका बखत कुनै व्यक्ति संस्थाको कार्यकारी प्रमुख पदमा बहाल रहेको भए विद्यमान कार्यकालको बाँकी अवधि पुरा गर्न भने यो निर्देशनले बाधा पुगेको मानिने छैन ।"*

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)
कार्यकारी निर्देशक